प्रहरी कार्यालयले भर्ने:
दर्ता नं.
दर्ता मितिः-

श्री जिल्ला प्रहरी कार्यालय पर्सामा पेश गरेको

## जाहेरी दरखास्त

१. जाहेरी दरखास्त दिनेको नाम, थर, ठेगाना (टोल सहित)-जिल्ला पर्सा छिपहरमाई गाउँपालिका वडा नं.२ मा वस्ने जुमन मियाको छोरा वर्ष ३२ को हाल जिल्ला ललितपुर ललितपुर म.न.पा.स्थित मेठिसिटी अस्पतालको आई सियु रुममा वेहोस अवस्थामा रहेको विरामी फिरोज मियाको हकमा निजको एकासंगोलको वुवा जुमन मिया......................

२. कुन विषय वारे जाहेरी गरेको होः- लापरवाहीपूर्ण इलाज गरेकोमा सजाय गरी क्षतिपूर्ति समेत दिलाई भराई पाउँ ।

३. कसुर गर्ने व्यक्तिको नाम, थर, ठेगाना (टोल सहित)
क. जिल्ला पर्सा वीरगंज महानगरपालिका वडा नं.१४ स्थित वीरगंज हेल्थ केयर.....१
ख. ऐ.ऐ.को संचालक डा.अबुलहैज अंसारी.....................................................१
ग. ऐ.को अ.वर्ष को डा.आसिफ अंसारी.....................................................१

४. कसुर गर्ने व्यक्तिको वावु (आमा)को नामः-

५. कसुर गर्ने व्यक्तिको हुलिया र परिचय खुल्ने अन्य विवरणः

६. कसुर सम्बन्धी विवरणः-
क. कसुर भएको स्थान ठाउँ, मिति र समयः- जिल्ला पर्सा वी.म.न.पा. वडा नं.१४ स्थित वीरगंज हेल्थ केयर अस्पताल मिति २०७९/४/२६ दिउँसो २:३० बजेको समयमा ।

ख. कसुरसंग सम्बन्धित घटनाको विवरणः

उपरोक्त सम्बन्धमा मेरो छोरा जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं.१६ स्थित वागबजारमा Alhaizum Consultancy Pvt. Ltd. संचालन गरी आफ्नो आफ्नो तथा आफ्नो ससुराली पक्षको जिविका चलाई आएकोमा मेरो छोरालाई अचानक पेट दुखि रहेकोमा मेरो छोरा आफ्नो ससुराल घर जिल्ला पर्सा वीरगंज महानगरपालिका वडा नं.१४ स्थित घरमा रहेको वेलामा पेट दुखि पेट दुःख पिडाले छटपट गरी राखेकोमा छोराको ससुराली घरका मान्छेले मिति २०७९/४/२६ गते वीरगंज हेल्थ केयर (अस्पतालमा चेक जाँच गराउँदा छोराको पितको थैलीमा पथरी भएकोमा भनी वताएकोमा छोरा पितको थैली अपरेशन गर्नको लागि) वीरगंज हेल्थ केयरको संचालक डा.अबुलैस अंसारीले, भनेकोमा मेरो छोराको सासुले सहमती जनाई मिति २०७९/४/२७ गते दिउँसो २.३०. बजमा अपरेशन डा.आसिफ अंसारीले अपरेशन गर्दा मेरो छोरालाई अपरेशन थिएटरमा लगि अपरेशन चार्जको सम्पूर्ण खर्च लिइ सकेको, पश्चात छोरालाई अपरेशन थिएटरको आई सि यु कक्षमा लगि अपरेशन गर्दा अपनाउनु पर्ने उपकरण तथा साधन समेत प्रयोग नगरी अपरेशन गर्दा छोरा वेहोसी भएको भए नै राखेकोमा छोराको अपरेशन गरेको पितको थैलीवाट अति नै रक्तश्राव भई नै राखेकोमा डा.आसिफ अंसारी तथा डा.अबुलैस अंसारी संग सो कुराको वारेमा सोध्दा डा.असिफ अंसारीले भनेकी केही छैन अपरेशन गर्दा अलि वढी नै रगत श्रव हुन्छ किन चिन्ता लिनु पर्ने भनि भनेकोमा म लगायत मेरो घर परिवार ढुक्क संग वस्दा छोरा अचेत अवस्थामा रही छोराको हाल खवर सोध्न जाँदा छोरासंग विपक्षीहरु भेटन नदिई छोराको पुनः विपक्षीहरुले भनेकी अपरेशन गर्नु पर्छ भनी भनेकोले दोस्रो पटक अपरेशन गर्नको लागि सम्पूर्ण अपरेशनको खर्च लिई पुन पितको थैलीको अपरेशन मिति २०७९/४/२८ गते राती विहान २.३० बजेको समयमा अपरशेन थिएटरमा लगि अपरेशन गर्दा छोराको पितको थैली ठिक नभई अति नै रक्त श्राव भई राखेकोमा र छोरा अचेत अवस्थामा समेत रहेकोमा छोराको अवस्था वारेकोमा अन्य चिकित्सकसंग रिपोर्ट देखाई राय सल्लाह गर्दा निज विपक्षीहरुले अपरेसन गर्ने बेला सावधानी नपुऱ्याई लापरवाही पुर्वक अपरेसन गरी काटन नहुने नसा काटि दिएकोले रक्त श्राव बन्द हुन सकेको होईन भनी वताएपछि

बल विपक्षीहरुको लापवरवाही पुर्वकको इलाज वारे जानकारी पाई छोरालाई डिष्चार्ज गर्नको लागि आग्रह गर्दा समेत नमानी विपक्षीहरुको हेलचक्राइवाट समान्य किसिमको पितको थैलीमा भएको पथरीको अपरेशन लापरवाही पूर्वक गरी काटन नहुने नसा काटी मेरो छोरालाई मर्ने वाच्ने दोसाधमा पुऱ्याई अचेत अवस्थामा पुऱ्याई दिएकोमा विपक्षीहरुसंग सो कुरा सोध्दा विपक्षीले वडो रुष्ट जवाफ दिएका छन र भनेका छन यो सव हामीलाई थाहा छैनन तपाईको छोरा मरु वाचु हामीलाई मतलब छैन विश्वास छ भने यहाँ इलाज गराउनु र इलाज खर्च वुझाउँदै जानु भनेकोमा छोराको अवस्था एकदम गम्भिर तथा चिन्ताजनक भएको साथै छोरा अचेत अवस्थामा समेत रहेकोमा छोराकै उपचारको लागि हेलिकप्टर मार्फत काठमाण्डौं मेडिसिटी अस्पतालमा उपचार हुँदैछ र अवस्था एकदम नाजुक रहेकोले कुनै वेला पनि अकल्पनिक घटना हुन सक्ने चिकितस्कहरु वताई रहेकोमा विपक्षिहरुको लापरवाहीपूर्ण इलाजको कारण छोरा मर्ने वाच्ने दोसादमा रहेकोले विपक्षीहरुको उक्त कार्य मुलुकी अपराध संहिता २०७४ को दफा २३२ नं. वमोजिम कसुर अपराध गरेको हुनाले विपक्षीहरु उपर लापरवाही तथा हेलचंक्रयाई गरी इलाज गर्न नहुने मुद्दा चलाई हदैसम्मको दण्ड सजाय गरी इलाज खर्च दिलाई आवश्यक क्षतिपूर्ति दिलाई भराई पाउँ ।

ग. कसुरको प्रकृति र कसुर सम्बन्धी अन्य विवरणः

घ. कसुरसंग सम्बन्धित सवुत प्रमाणः
उपचार गराएको पुर्जाको फोटोकापी यसै साथ छ ।

ङ. कसुरसंग सम्बन्धित अन्य विवरणः सर्जमिन वुझी पाउँ ।

७. यसमा लेखिंएको व्यहोरा ठीक साँचो छ. झुठ्ठा ठहरे कानून वमोजिम सहुँला वुझाउँला । यसमा प्रहरीद्वारा केश तहिककात हुँदा वा अदालतमा मुद्दा चल्दाका वखत उपस्थित हुने जनाउ पाएमा सो घमोजिम उपस्थित हुने नै छुँ।

<u>जाहेरी वा सूचना दिने व्यक्तिको</u>

नामः जुमन मिया
सहीः-
मिति २०७९/ /